# गजलको नाममा कतै फजल त भएको छैन ?



- रामकुमार बुढामगर

गजल वास्तवमा आफैमा अत्यन्त रोचक विधा हो । हिजो गजल भनेपछि घृणा गर्ने, नाक खुम्च्याउनेहरूको जमात आज ठूलो संख्यामा क्रमिक रूपमा गजलको धारमा प्रभावित भएर बहन थालेका छन् । नेपाली भाषामा गजल संग्रहहरू खासै त्यति पर्याप्त मात्रामा प्रकाशित भएको देखिदैन तर युवा कवि मोतीराम भट्टले सन् १९३८ सालतिर नेपाली भाषामा गजल पहिलो पटक गजल कोरेका थिए । भने सन् १९९३ सालमा प्रकाशित भएको भिमनिधी तिवारीको वयासी र बीस गजल मेरी हो । गजल वास्तवमा प्रेमाधि व्यक्तिको साहित्य वर्णन नै मानिन्छ ।

**१) कस्तो हुनुपर्छ त गजल ?**

- सिधै पाठक एवं श्रोताको मनमा पर्न सक्नुपर्दछ ।
- मुटुमा स्पर्श गर्ने खालको हुनुपर्छ ।
- प्रयोग हुने शव्दहरू समाजका लागि अपाच्य हुनुहुदैन ।
- विषयवस्तुको कमि र अर्थको अस्पष्टता हुनुहुदैन ।
- २ अर्थ बुझ्नलाई दिमाग खियाउनु पर्ने दुरूह हुनुहुदैन ।
- प्रत्येक शेरमा सरल र सहज बोध्य किसिमले प्रयोग गनुपर्दछ ।

यदि तपाई पनि गजल कोर्नुहुन्छ र मन पराउनु हुन्छ भने गजलको नाममा फजल लेखेर गजलजस्तो पवित्र विधालाई कलंकित पार्नुको सट्टा गजलको बारेमा केहि बुझेर, जानेर, गजलाका नियम, गुण र दोषका बारेमा थाहा पाएर मात्र गजल लेख्नुहोस्, अवश्यपनि तपाईका गजलहरू वास्तविक गजल हुनेछन् । त्यसैले गजलको संरचनागत सिद्धान्तका बारेमा गजल लेख्ने केही नियमहरू निश्चित रूपमा जानकारी हुनैपर्छ । केही बुँदागत जानकारीहरू यस प्रकार छन् ।

**२) गजल लेख्दा निम्न ८ तत्वहरू सम्झनु आवश्यक छ ।**

**मिसरा** :- गजलको प्रत्येक एक पंक्तिलाई मिसरा भनिन्छ । यसरी दुई पंक्तिको एक शेर हुन्छ ।

**शेर** :- प्रत्येक मिसराको दुई पंक्तिको सहायताले एउटा शेर हुन्छ । जस्तै,

विगत दुखेर वर्तमानमा जागेर रोए ।
देख्लान कसैले भनेर टाढा भागेर रोए ।

कुनैपनि शेरको पहिलो मिसरालाई मिसरा ए-'उला' र दोस्रो मिसरालाई मिसरा ए-'सानी' भनिन्छ । उदाहरणका लागि गजलको यो माथिको मत्लालाई हेरौं । कुनैपनि गजलमा शेर यति नै हुनुपर्छ भनेर अनिवार्य नभएपछि कम्तिमा ५ वटा शेरहरू राख्ने प्रचलन छ ।

**मत्ला** :- मत्लाको अर्थ प्रवेश गर्नु निकाल्नु हो । गजलमा भएका विभिन्न विभिन्न शेरहरू मध्य शुरूको शेरलाई मत्ला भनिन्छ अर्थात पहिलो शेरलाई मत्ला भनिन्छ ।

**मक्ता** :- गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ ।

**काफिया** :- यो गजलको सबैभन्दा अनिवार्य र महत्वपूर्ण तत्व हो । गजलको रदिक भन्दा पूर्व प्रयोग गरिने अनुप्रासयुक्त पद पदावली वा शव्दलाई काफिया भनिन्छ । जस्तै,

मनको फाँटमा आवाज छैन
आरोपमा प्रतिवाद छैन
आफ्नो गोरूको बाह्रै टक्का छ
तै पनि कतै विवाद छैन

माथिका ३ वटा शेर मध्ये मत्लामा प्रयोग भएका शव्दहरू आवाद र प्रतिवाद अनि अन्य दुई शेरको मिसरा ए-सानीमा प्रयोग भएका शव्दहरू विवाद र सम्वाद काफियाको रूपमा प्रयोग भएका छन् । काफिया वास्तवमै गजलको मुटु हो ।

**रदिक** :- गजलको मत्लाको दुवै मिसरामा र अन्य शेरको मिसरा ए-सानीको अन्तमा बारबार आउने शव्दलाई रदिक भनिन्छ । यो काफियाको लगत्तै प्रयोग हुने शब्द, पद वा पदावली हो । जस्तै,

कति-कति कुरा अव सहन थाले
सहेर चुपचाप अनि रहन थाले ।

माथिका गजलांशमा सहन र रहन भन्ने शव्दहरू काफियाको रूपमा प्रयोग भएका छन् । काफियाका लगत्तै प्रयोग भएको "थाले" भन्ने शव्द रदिकको रूपमा प्रयोग भएको छ ।

**तखल्लुस** :- गजलकारकारले गजलको कुनै शेरमा आफ्नो उपनाम वा छोटकरी नाम लेख्ने गर्छ त्यसलाई तखल्लुस भनिन्छ । तखल्लुस कुनै खास शेरमा राख्नु पर्ने अनिवार्यता नभएपनि मक्तामा राखिने चलन छ । जस्तै,

प्रेम पत्र फिराद पत्र कति आए तलाक पत्र,
बाँच्न उपयुक्त जीवन दिने "राम"को कुनै दाता थिएन ।

यस शेरमा गजलकारले आफ्नो छोटकरी नाम रामलाई कमिसरा ए-सानीमा तखल्लुसको सुन्दर प्रयोग कगरेका छन् ।

**बहर** :- बहर भनेको छन्द हो । फारसी, अरबी र उर्दू गजल साहित्यमा गजलको लागि ४१ वटा बहरहरू निर्धारण गरिएको छ । तर हिजो आज बहरको सिमा भित्र बाँधिएर गजल लेख्ने गजलकारहरूको सिमित संख्या छ । बहरका सम्बन्धमा धेरै लेख्न सम्भव छैन-साहित्यीक त्रैमासिक पत्रिकामा ।

**प्रजातन्त्र भनेको तपाई खुला रहन खोज्दा बन्द हुन बाध्य नपारिनु हो -भ्लाडा वुलतिविच**



थुर्पाभूमि यूवा समूहको चौथो प्रस्तुति

# थुर्पा मधुवन

बर्ष-२ अंक-४ मिती: २०६४/03/01 असार-भदौ पृष्ठ-८ मूल्य रू: १0

**प्रकाशक :-**
थुर्पाभूमि यूवा समूह रोल्पा
**सल्लाहकार :-**
नरबहादुर बुढामगर
मानबहादुर बुढामगर 'ए'
**प्रधानसम्पादक :-**
दुर्गा पुन मगर
**परिकल्पनाकार :-**
रामकुमार बुढामगर
**सह-सम्पादक :-**
अमृतबहादुर बाँठामगर
पूर्णबहादुर बुढामगर
**व्यवस्थापन सहयोगी :-**
विनिता बुढामगर
भुमिका बुढामगर
**विशेष सहयोगी :-**
मानबहादुर बुढामगर 'बी'
**कम्प्यूटर सेटिङ्ग :-**
रामकुमार बुढामगर
**पत्राचारका लागि :-**
रामकुमार बुढामगर
काठमाण्डु (0१-४३८२६५८)वा
विनिता बुढामगर
विमला स्टेशनरी तिला, रोल्पा

## सम्पादकीय ................................

व्यक्तिमा रहेको अन्तर्निहित प्रतिभा छकाछुल्ल पार्न अभ्यासको आवश्यकता परे झैं नवप्रतिभाका लागि प्रस्तुतीकरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ थूर्पा मधुवनले नयाँ प्रतिभालाई उच्च शिखरमा पुऱ्याउनको लागि परिक्षणकालको चौथो अंकमा आइपुगेको छ । आशा छ, अवश्य सबैको पवित्र प्रेम र स्नेहले निश्चय पनि केन्द्रविन्दुमा पुऱ्याउने छ । प्रारम्भिक कालमा गजल, कविता र भावनाले पाठक सामु आएको छ । आगामी दिनमा साहित्यका प्रत्येक विधालाई पस्कने देह गरिर ाखेको छ ।

भर्खरै देश नयाँ पाइलातिर उन्मुख छ । त्यसै हामी पनि साहित्यिकयात्राको नयाँ बाटोमा निस्केका छौ । समाजमा हुने गरेका सामाजिक कटु यथार्थलाई करूण, शोक, शान्त, भय, हाँस्य, वीर, उत्साह जस्ता रतिहरूद्धार ा अङ्कुराएको प्रतिभाहरूको रचनालाई थूर्पा लेकझै अटल बनाउने प्रणले जुर्मुराएको छ, यो थूर्पा मधुवन ।

पाठकहरू, कुनैपनि वस्तु पूर्ण रूपमा सम्पूर्णता हुदैन । त्यो परिपूरक मात्र हुन्छ, त्यसैले थूर्पा मधुवन पनि पूरक रूपमा सहयात्रा गरिरहेछ, समुद्रतिर लागिरहेछ, पूर्णता हुन खोजिरहेछ, क्षमता अभिवृद्धिको लागि, अनि लेख, रचना र सल्लाह सुझावको प्रतिक्षारत छ यो यात्रामा । साथको हातहरू फिजाएका छौ, सृजित प्रतिभाहरूलाई उजागर गर्ने परिकल्पना लिएर । अवश्य पनि समयले हामीलाई साथ दिएमा अर्को अंकमा भेट हुने वाचा गर्दै यो अंकबाट ओझेल लिन्छौ ....... जदौं ।





## तपाइको भावना

**शैलेस मल्ल**

पेल्नु पेले सिलौटामा बोली उस्तै छ ।
शान्ति भन्छन् खै के होला गोली उस्तै छ ।

लाग्छ यिनी गोर्खालीले बहादुरी देखाउदैछन्,
आफ्नै सन्तान मार्ने यहाँ टोली उस्तै छ ।

क्या गजवको मार्ने बुद्धि भाग भन्यो हान्यो गोली,
अझ बारूद बोक्ने झोली उस्तै छ ।

लाज लाग्छ भन्न पनि नेपालमै बुद्ध जन्मे,
चिनाउने दौरा सुरूवाल चोली उस्तै छ ।

यता मार्छौ नेपाली उता मार्छौ नेपाली,
जो मरेनी रगतको खोली उस्तै छ ।

➲ कालभैरव, तोरायाँ, दैलेख

**उषा पुनमगर**

स्वाद पनि थाहा छ मलाई ज्यानै लिने जहरको,
त्यतिखेर पिए जहर ढल्दा महल रहरको ।

महलहरू भत्किसके रहरहरू उडिराछन्,
त्यसैले त आज भोलि फोहर भाछु नहरको ।

सोचेजस्तो कहिल्यै पनि नहुने नै रैछ,
अव तव खस्न लाको ढुङ्गा भाछु पहरको ।

जता हेर्छु उतै देख्छु उदासीका लहरहरू,
मुटुभरी धेरै भा'छ छिया-छिया चहरको ।

अवदेखि कहिल्यै पनि कल्पित महल नबनाउला,
एक्लै हिड्ने यात्रु भए कल्पनाका शहरको ।

➲ सहारे-५ दिपानगर, सुर्खेत

Hello Friends, We are coming soon on the www.werolpali.com

## लेखक तथा पाठकवर्गहरूमा अनुरोध

'थुर्पामधुवन' विशुद्ध साहित्यिक पत्रिका भएकाले साहित्य क्षेत्रको विकासको ध्येय राखेर थुर्पा भूमि यूवा समूह गाङले यस साहित्यिक पत्रिकाको पाँचौ परिक्षणकालको अंकपनि तपाइहरू माझ ल्याएको छ । हामी परिक्षणकालमै भएकाले हामीलाई प्रकाशनमा धेरै कठिनाई भयो तैपनि हाम्रो लगन र तपाइको सहयोगले यसलाई मूर्तरूप दिएर तपाई सामून्ने परिक्षणकालको पाँचौ अंक ल्याउन सफल भएका छौ । यसमा भएको कमिकमजोरीलाई औल्याई यसको स्तरियता र लोकप्रियताको लागि कसरी अगाडि बढ्ने भन्ने विषयमा पाठकवर्गहरूबाट प्राप्त सुझाव र सल्लाह बमोजिम सुधार गर्दै जाने छौ । आगामी अंकको लागि आफ्नो समसामयिक र उत्कृष्ट लेख रचनाहरू उपलव्ध गराएर सहयोग गर्न पनि हार्दिक अनुरोध गर्दछौ ।

थुर्पामधुवन परिवार गाङ

### ✍ प्रकाश 'किरण'

स्वार्थी मात्रै मानिसको जताजतै हुल हजूर ।
चस्स-चस्स घोची दिन्छ हृदयमा सुल हजूर ।

रंगीन भयो मातृभूमि उजाड भयो गाउँवस्ती,
हैन रैछ पानी यहाँ रगतको मूल हजूर ।

विस्थापित भै गए सद्‌भावका उद्यानहरू,
बगैचामा ओइलिराछन् चुडिएका फूल हजूर ।

कहाँ सक्छु हिड्न अव थकित भए जीवनदेखि,
जिन्दगीको परिभाषा च्यातिएको तुल हजूर ।

चियाउदा 'किरण' ले संसार कहिले काँही,
बाधक बनी बल्भिरयो विवशताको भुल हजूर ।

➲ जाजरकोट

### ✍ एमवि 'दिपआकाश'

रमाऊ तिमी क्षितिज पारी बगैचा तिम्रो मास्दिन म,
माया भन्ने यस्तै रै छ साइनो फेरी गास्दिन म ।

तिमिसंग विछोड हुँदा जीवन वित्यो तड्‌पाइमा,
तिमीले दिएका चोट साँची उही हाँसो हास्दिन म ।

सायद गल्तिहरू मेरै थिए भयौ टाढा-टाढा,
प्रेम युद्धमा जित्यौ तिमिले तिम्रो जीवन मास्दिन म ।

धेरै माया दिएपनि विश्वासघात गर्‍यौ तिमीले,
हाम्रो प्रेम युद्धमा विरूवाको बोक्राहरू तास्दिन म ।

बाँचेकै छु आजसम्म मेरो उही क्षणिक सासमा,
तिम्रो उही नाम लिई जताजतै वास्दिन म ।

➲ वीरेन्द्रनगर-९ सुर्खेत

### ✍ एल.सी. शर्मा "इच्छुक"

कैले ज्वार जीवन भाटा बन्यो ।
सुःख दुःख जिन्दगीको दुवै पाटा बन्यो ।

जहाँ-जहाँ चोट लाग्यो त्यहाँ आफै सिएँ,
कैले घाउ बन्यो जीवन कैले खाटा बन्यो ।

आफ्नै लागि दुःखसंग पनि नाता गाँसे,
कैले फूल त्यो जीवन कैले काँडा बन्यो ।

मायाको व्यापार गरी जीवन धान्ने सोच राख्दा,
कैले नाफा बन्यो जीवन कैले घाटा बन्यो ।

➲ शिक्षा क्याम्पस सुर्खेत

### ✍ हरीप्रसाद उपाध्याय

नफक्रिदै झर्ने भयो यो मौसमको फूल साथी ।
नहुर्किदै खस्ने भयो यो दशैको शुल साथी ।

दोष मेरो के थियो र यस्तो जन्म पाए मैले,
गरीव अनि त्यसमाथि दलित हुनु भूल साथी ।

तिम्रै लागि हाँस्छु खेल्छु अनि जीउछु सोचे तर,
पापी समाज न त हजूर नीच उचको तुल साथी ।

न त रहयो प्रिती मेरो न समाजमा स्थानै छ,
कहिल्यै माथि नउत्रिने माकुराको झुल साथी ।

➲ गुठु-८ सुर्खेत

**ढिलै भए पनि नयाँवर्ष २०६४ को सु-अवसरमा तपाइले चाल्नु भएका हरेक कार्यमा सफलता मिलोस् भनि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।**

**थुर्पाभूमि यूवा समूह परिवार**

**नेपाली पैसाले गरीव भएपनि आटले धनी छन् ।- श्री ५ महेन्द्र**



## तपाइको भावना

### ✍ दीपेन्द्र डिसी

खाई कसरी दिन गुजार्नु जिन्दगी भो काम विनाको ।
ढिकी जाँतो पिधिन्न भो चल्दैन मियो माम विनाको ।

हिजो शिखर आज सागर मरे परलोक लागिन्छ कि,
गन्तव्यको निशान छाडौं यात्रा हुन्न जाम विनाको ।

पैसा कै मातमा चल्ने पाखन्डी यो दुनियाँमा,
खोई कहाँ छ मानवता बोली हुन्न दाम विनाको ।

लुकाउन जति खोजेपनि यथार्थता उदाङ्ग छ,
गोपनियता यहाँ हुन्छ रहस्य छ खाम विनाको ।

धर्ना जुलुस नारावाजी गर्नै पर्छ जीउनलाई नि,
दीप पनि जल्दैन रे यहाँ कुनै सङ्ग्राम विनाको ।

➲ थारमारे-५ सल्यान

### ✍ अर्जुन भण्डारी 'कुण्ठित'

शंकै लाग्छ बैंश छदै मरिने पो हो की ?
फूल्नै नपाई कोपिलामै झरिने पो हो की ?

ग्रह लाग्दा राहु, केतु दशा बिग्रिएछ,
ओछ्यानमै पल्टी थला परिने पो हो की ?

रूदै बस्नु बाहेक अरू बिकल्प नै छैन,
झोली झिम्टा सहित बसाई सरिने पो हो की ?

अतिवृष्टी अनावृष्टी सबै आयो जिन्दगीमा,
पापी पेट धान्न घाँस चरिने पो हो की ?

यो कुण्ठितको भाग्य पनि कुण्ठिएकै रैछ हजूर,
गाउँ छाडी सात समुन्द्र तरिने पो हो की ?

➲ वी.न.पा.-११ पदमपुर, सुर्खेत

थुर्पा मधुवन

### ✍ कमल सुनार

सुन्दर कथा पिरतीको गाई दिए हुन्थ्यो ।
नछुट्टिने प्रित मिठो लाई दिए हुन्थ्यो ।

अनगिन्ती पिडा वीच मुस्काउनु पर्दा,
देउरालीमा प्रित साट्न धाई दिए हुन्थ्यो ।

दुःखको प्रशान्तमा आफै आज आहाल बसी,
कोलाहल वीच मौनताले छाई दिए हुन्थ्यो ।

जिन्दगीका पर्खालहरू भत्काउदै जोड्दै गर्दा,
नरित्तिने वहारहरू आई दिए हुन्थ्यो ।

अमृतको बहानामा विषहरू थुक्दा निल्दा,
अझै अरू जहरहरू पाई दिए हुन्थ्यो ।

हल्लाको सन्त्रासले प्रेम त्यसै मर्छ भने,
सारथीलाई दाल-भात जस्तै खाई दिए हुन्थ्यो ।

➲ वीरेन्द्रनगर बहुमुखी क्याम्पस, सुर्खेत

### ✍ प्रकाश 'किरण'

सुन्दर कथा पिरतीको गाई दिए हुन्थ्यो ।
नछुट्टिने प्रित मिठो लाई दिए हुन्थ्यो ।

अनगिन्ती पिडा वीच मुस्काउनु पर्दा,
देउरालीमा प्रित साट्न धाई दिए हुन्थ्यो ।

दुःखको प्रशान्तमा आफै आज आहाल बसी,
कोलाहल वीच मौनताले छाई दिए हुन्थ्यो ।

जिन्दगीका पर्खालहरू भत्काउदै जोड्दै गर्दा,
नरित्तिने वहारहरू आई दिए हुन्थ्यो ।

अमृतको बहानामा विषहरू थुक्दा निल्दा,
अझै अरू जहरहरू पाई दिए हुन्थ्यो ।

हल्लाको सन्त्रासले प्रेम त्यसै मर्छ भने,
सारथीलाई दाल-भात जस्तै खाई दिए हुन्थ्यो ।

➲ जाजरकोट

**कायर व्यक्तिमात्र भाग्यको भरमा बस्छ । - बाल्मीकी**

कविता

## हल्लैहल्लाको ठाउँ अनि म



अध्यारो रात सुनसान र चुपचाप
किनकी सबै-सबै सुतेका छन् ।
तर पनि मानव माथिका दानवहरू
जुवाडेहरू, जडियौ, आस्मिता बेच्नेहरू
यथार्थ रातलाई रात भन्दैनन्
रेष्टुरेन्टमा पाटी गर्नेहरू
पागलको पनि पागलहरू
आफ्नो कर्तव्य कुल्चनेहरू
रातारात जागाराम बसेर
यहाँ हिराको खेती गर्ने अरे
व्यापारीले पैसाको, नेताले भाषणको
पण्डितले पूजाको, युगल जोडीले प्रेमको
काल्पनिक खेती गरेको गरेको गर्यैछन्
सिमित स्वार्थमा लिप्त भएर
निकै एकाग्र भएर.....
नौलो संसारको निर्माण गर्दैछन् ।
नेताले भाषण ठोक्दा तरर....ताली पिट्नेहरू
अरूको सिद्धान्तमा हिड्नेहरू
किन सचेत हुदैनन् अग्रिम रूपमा
यहाँ लोकतन्त्रको नाममा
लोग्ने-स्वास्नीको झगडा हुँदा
युगल प्रेमी जोडीहरूको वियोगमा
भाइचाराको सामान्य कलहमा
मस्तिष्कको क्यान्भासहरूमा खाका कोरेर
दिनप्रतिदिन आव्हान छ नेपाल बन्दको
हिन्दुराष्ट्र संज्ञा लोपन्मुख भएकोमा
पण्डित रोएका छन् साथमा दरवारेहरू
अखण्ड यो राष्ट्रमा निकै नै
**"माएमाका"**मा अंशवण्डा चलेकै छ सिर्फ कुर्सीको
स्वास्नी-लोग्ने पनि मुद्दा हालाहाल
सम्पत्ति कमाउने आभामा खुट्टा तानातान
यावत्.... रेखाचित्र, मानचित्रहरू
मस्तिष्कको खोँचमा नियाल्दै
सोचिरहेछु, कल्पिरहेछु निरन्तर
र त बसिरहेछौ संगसंगै
हल्लैहल्लाको ठाउँ अनि म.....।।।

✍ दुर्गा पुन मगर
दाङ

### ✍ राधिकादेवी मगर

गोरेटो यो जीवनको यात्रा गर्नु धैरै-धैरै ।
ठक्कर हुन्छ संघर्षको, शीर चढ्नु धैरै-धैरै ।

सुनौलो यो जीवनमा स्वतन्त्र भई बाँच्ने रहर
तगारोको माया प्रिती पर्छ मार्नु धैरै-धैरै ।

माया प्रिती शुन्य हुन्छ बाँच्नु पर्छ मुटु जलाई
रेखाचित्र सिद्धान्तको पर्छ कोर्नु धैरै-धैरै ।

जीवनको अधेरोलाई उज्ज्वल नै बनाउनु छ
सपना ती अग्रजको पूरा गर्नु धैरै-धैरै ।

भेट हुन्छन् बक्ररेखा एकार्काको अस्मितामा
समाप्ती नै हुन्छ प्रेम पर्छ साच्नु धैरै-धैरै ।

माया प्रिती भन्ने कुरा थाहा छैन मलाई अझै
नपाएको रोदन फेरी किन पार्नु धैरै-धैरै ।

➲ गोठादी-३ पाल्पा

## आफ्नै सूचना !!!

**यस त्रैमासिक पत्रिकाको प्रकाशनमा केही प्राविधिक समस्या आई बैशाख-असारको अंक प्रकाशन नभएकोले यस प्रति पाठकवृण्दमा पर्न गएको असुविधाप्रति हामी क्षमा प्राथी छौ । साथै आगामी अंकहरुमा निरन्तरता दिन हामी प्रतिवद्ध रहनेछौ ।**
**साथै**
**यो अंकमा पत्रमित्रता स्तम्भ र सन्देश आफन्तजनसम्म स्तम्भ राख्न असमर्थ भएका छौ । तपाईहरुको लेख-रचनाको प्रतिक्षामा छौ**

**थुर्पाभूमि युवा समूह परिवार**

बाटो बिराएकालाई सहि मार्ग देखाउनु मानवको धर्म हो । - जानदेवी



### ✍ पुष्प शर्मा

लागेन घाम मनमा कत्ति च्यातिएको जाली मो जिन्दगी ।
मनको बाँध टुटेपछि सडकको नाली मो जिन्दगी ।

खै कसरी भनु अतितका व्यथा भतभति पोल्छ मन,
सारा सपना बुन्छु भन्थे तर रूखको डाली मो जिन्दगी ।

आफ्नो भन्नु कोही छैन सुनिदिने मनको व्यथा,
सम्हालेर सम्हालिन्न भत्केको आली मो जिन्दगी ।

जीवन मेरो सस्तो रैछ जसको कुनै माउ छैन,
त्यसैले त लाग्न थाल्यो सारा जमातको ताली मो जिन्दगी ।

थाकीसके जीवन देखि अरू लेख्दिन मो मेरो कथा,
खेतबारीमा पाकेर पनि नस्याहारेको बाली मो जिन्दगी ।

➲ मेलेलकुना-१ सुर्खेत

### ✍ पूर्णबहादुर बुढामगर

मिलनहरू अतित बनि वियोग हुन्छ किन ?
यथार्थहरू नासिदा संयोग हुन्छ किन ?

दृश्यहरू आफ्नै सामु उराठ लाग्दा पनि
छुट्टिएका तस्विर फेरी सुयोग हुन्छ किन ?

कलहले गहभरी आँशु बहदा खेरी
बुद्धका ती उपदेशहरू नाग हुन्छ किन ?

कति काट्यौ जंघारहरू रोदनसंग खेली-खेली
वाचाबन्धन भूली दियौ 'पूर्ण' माग हुन्छ किन ?

➲ गैरीगाउ-८ गाङ, रोल्पा

हाम्रो "थुर्पा मधुवन" त्रैमासिक परिक्षण पत्रिका तपाईलाई कस्तो लाग्यो ? कृपया आफ्ना प्रतिक्रियाहरू हामीलाई हाम्रो ठेगानामा लेखि पठाउनुहोला ।

### ✍ मनुराजाकी

डुङ्गाले नै डुवाउछ छाल पर्खि बस्नेलाई ।
जिन्दगीले रूवाउँछ काल पर्खि बस्नेलाई ।

बुद्ध भूमि पनि आज युद्धभूमि जस्तो भयो
तरवारले सिध्याउँछ ढाल पर्खि बस्नेलाई ।

हाँसो जस्तो दर्के झरी रूझाएर जान्छ कतै
आँशुले नै डुवाउँछ ताल पर्खि बस्नेलाई ।

जिन्दगीको जुवा खेल्न छाडिसके सबैले नै
कति दु:ख भएको छ खाल पर्खिबस्नेलाई ।

"मनु" लाई पिंजडामा नदेखेर होला आज
साह्रै रिस उठेको छ जाल पर्खि बस्नेलाई ।

➲ मीनभवन, काठमाडौं

### ✍ ऋषि शर्मा 'सुदामा'

पत्थरैले हान्यौ दिलमा ढुङ्गा भइयो तिनैताका,
उमंगको लाली चढ्दा थुङ्गा भइयो तिनैताका ।

वगरमा लेटी रहदा हेक्का हुन्छ अतितको,
तिमी सागर थियौ मेट्न गंगा भइयो तिनैताका ।

काली बनी मोदी बनि छालै छालै हान्दा यो मुटुमा,
तिम्रै मनमा सैर गर्न ढुङ्गा भइयो तिनैताका ।

धर्तिलाई छाडी तिमी आकाशमा रम्न थाल्दा,
स्पर्शमा जान तिम्रो चङ्गा भइयो तिनैताका ।

"सुदामा"लाई झुक्काएर बादलमा उड्थ्यौ र त,
तिमीलाई चुम्न कञ्चनजङ्घा भइयो तिनैताका ।

➲ पुरन्धारा-७ दाङ

### हाइकु

१
आकाश वेली
वोल्छ वर्तमान नै
संविधानको

२
अन्तिम लक्ष्य
प्रजातन्त्रको मुख
शंका अनि चिन्ता

३
हात बाँधेर
कमिलाको ताँतीमा
नैतिक राजा

४
यी निर्णयहरू
कागजको खोस्टोमा
शान्ति मो आज

५
अस्वभाविक
चुनावको लहर
अन्तरध्वंश

६
पीडा र घाउ
संक्रमणकालीन
रोक्ने प्रयास

- हिमा पुन (दाङ)

क्रोधमा पनि गल्ती नगर्ने मानिस वास्तवमा बुद्धिमान हुन्छ । - सेखसाक्षी